हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड: १० संख्या: ६ मिति:२०८३।०७।१३

भाग- ३

हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका तीन पाङ्ग्रे सवारी साधनलाई विद्युतीय सवारी साधनमा प्रतिस्थापन गर्ने मापदण्ड, २०८३

प्रस्तावना

वातावरणीय प्रदूषण न्यूनीकरण, हरित यातायात प्रवर्द्धन, जीवाश्म इन्धनमा निर्भरता घटाउने तथा दिगो शहरी यातायात प्रणालीको विकास गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिकाले यो मापदण्ड तर्जुमा गरेको हो।

१. **संक्षिप्त नाम र प्रारम्भः** १. यस मापदण्डको नाम "तीन पाङ्ग्रे सवारी साधनलाई विद्युतीय सवारी साधनमा प्रतिस्थापन गर्ने मापदण्ड, २०८३" हुनेछ।

२. यो कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **उद्देश्यः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः

- पुराना पेट्रोल तथा डिजेलबाट सञ्चालन हुने तीन पाङ्ग्रे सवारीलाई विद्युतीय सवारीमा प्रतिस्थापन गर्नु।
- वायु प्रदूषण तथा ध्वनि प्रदूषण घटाउनु।
- हरित तथा दिगो सार्वजनिक यातायातलाई प्रोत्साहन गर्नु।

- चालकको सञ्चालन खर्च कम गर्नु।
- नागरिकलाई सुरक्षित तथा गुणस्तरीय सेवा उपलब्ध गराउनु।
- भाडादरमा न्यूनीकरण गर्न ।
- डिजल/पेट्रोल आयात प्रतिस्थापन गर्न ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "उपमहानगरपालिका" भन्नाले हेटौँडा उपमहानगरपालिकालाई जनाउँछ।

(ख) "प्रतिस्थापन" भन्नाले पुरानो तीन पाङ्ग्रे सवारी हटाई विद्युतीय सवारी दर्ता गरी सञ्चालन गर्नु हो।

(ग) "विद्युतीय सवारी" भन्नाले ब्याट्रीबाट सञ्चालित तीन पाङ्ग्रे सवारी जनाउँछ।

४. आवेदकः प्रतिस्थापनका लागि देहायका सवारीधनीहरु योग्य आवेदक हुनेछन्—

(क) मिति २०७६ पौष ७ अगाडी हेटौँडा क्षेत्रमा सञ्चालन गर्न रुट अनुमति प्राप्त तीन पाङ्ग्रे सवारी साधनका धनी।

(ख) कर तथा नवीकरण अद्यावधिक भएको।

(ग) बैंक वा वित्तीय संस्थाको कालोसूचीमा नरहेको।

५. प्रतिस्थापनः देहायका तीन पाङ्ग्रे सवारी साधनलाई प्रतिस्थापन गरिनेछ—

- मिति २०७६ पौष ७ गतेसम्मका तथा उपमहानगरपालिकाबाट २०८३ मा स्टिकर टाँस गरिएका अटो तथा ई-रिक्सा सवारी साधनलाई मात्र प्रतिस्थापन गरिनेछ ।
- ५ वर्षभन्दा पुराना सवारी
- बढी प्रदूषण गर्ने सवारी

६. प्रतिस्थापनका आधारः तीन पाङ्ग्रे सवारी साधनको प्रतिस्थापनका आधार देहायबमोजिम हुनेछः

(क) मिति २०७६ पौष ७ गतेसम्मका तथा उपमहानगरपालिकाबाट २०८३ मा स्टिकर टाँस गरिएका अटो तथा ई-रिक्सा स्क्रयाप गरी कानुनबमोजिम लगतकट्टा तथा खारेज गर्नुपर्ने।

(ख) नयाँ विद्युतीय सवारी नेपाल सरकारबाट प्रमाणित हुनुपर्ने।

(ग) स्पेयर पार्ट्सको उपलब्धता कम्तीमा ५ वर्ष सुनिश्चित हुनुपर्ने।

७. आवश्यक कागजातः तीन पाङ्ग्रे सवारी साधनलाई विद्युतीय गाडीमा प्रतिस्थापन गर्न तपसिलबमोजिमका कागजात सहित उपमहानगरपालिकामा आवेदन दिनु पर्नेछः

- निवेदन
- नागरिकता
- सवारी दर्ता प्रमाणपत्र
- इजाजतपत्र
- कर तिरेको प्रमाण
- बैंक खाताको विवरण
- पुरानो सवारीको फोटो
- स्क्रयाप प्रमाणपत्र (प्रतिस्थापन पश्चात)

८. छनोट प्रक्रियाः (१) तीन पाङ्ग्रे सवारी साधनलाई सम्बन्धित सवारी धनीले दफा ७ बमोजिमको कागजात उपमहानगरपालिकामा निवेदन दिन सक्नेछ ।

(२) यसरी निवेदन प्राप्त गरिसकेपछि सम्बन्धित वडाको सिफारिसमा तीन पाङ्ग्रे सवारी व्यवस्थापन इकाईले इन्जिन नं. र च्यासिस नं. सहित स्क्रयाप गरिएको तीन पाङ्ग्रे सवारी साधन लगत कट्टा तथा खारेजीका लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गर्नेछ ।

(३) लगतकट्टा/खारेज भइसकेपछि नयाँ खरिद गरिएको विद्युतीय सवारी साधनको रुट परमिट जारी गर्न उपमहानगरपालिकाको तीन पाङ्ग्रे सवारी व्यवस्थापन इकाईले सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरे पश्चात मात्र रुट परमिट जारी हुनेछ र सोही आधारमा उपमहानगरपालिकाबाट स्टीकर प्रदान गरिनेछ ।

९. अनुगमनः (१) उपमहानगरपालिकाले समय समयमा विद्युतीय सवारी साधनको अनुगमन गर्न सक्नेछ ।

(२) अनुगमनका क्रममा विशेष गरी देहायबमोजिमका विषय अनुगमन गरिनेछ ।

- वार्षिक निरीक्षण गर्ने।
- सञ्चालन अवस्था हेर्ने।
- ब्याट्री व्यवस्थापनको अनुगमन गर्ने।
- सेवा गुणस्तर मूल्याङ्कन गर्ने।

१०. दायित्वः (१) उपमहानगरपालिकाको दायित्व तपसिलबमोजिम हुनेछः

- नीति कार्यान्वयन
- बजेट व्यवस्थापन
- चार्जिङ पूर्वाधार समन्वय
- अनुगमन

(२) सवारीधनीको दायित्व तपसलिबमोजिम हुनेछः

- विद्युतीय सवारी नियमित सञ्चालन गर्ने।
- पुरानो सवारी पुनः सञ्चालन नगर्ने।
- तोकिएको सेवा क्षेत्रमै सञ्चालन गर्ने।

११. ब्याट्री व्यवस्थापनः देहायबमोजिम ब्याट्री व्यवस्थापन गर्नु सवारीधनीको कर्तव्य हुनेछः

- प्रयोग सकिएको ब्याट्री निर्माता वा अधिकृत संकलन केन्द्रलाई बुझाउनुपर्ने।
- खुला स्थानमा फाल्न पाइने छैन।
- वातावरणीय कानुन पालना गर्नुपर्ने।

१२. कारबाहीः देहायको अवस्थामा उपमहानगरपालिकाले सवारीधनीलाई कारबाहि गर्न सक्नेछः

- झुट्टा विवरण पेश गरेमा।
- पुरानो सवारी पुनः सञ्चालन गरेमा।
- सम्झौता उल्लङ्घन गरेमा।

आज्ञाले
टेक बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत